भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बयरघारी, स्याङ्जा

## आन्तरिक आय संकलन (सडक उपयोग सेवा शुल्क) सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०४/०२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (२) (घ) र भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १२ अनुसार यस नगरपालिकाबाट आर्थिक वर्ष २०७८/७९ को लागि देहाय बमोजिमका ग्रामिण सडकहरूमा सडक उपयोग सेवा शूल्क (पटके सवारी कर) संकलन गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारका सडकहरूको सिलबन्दी दरभाउपत्र खरिद गरि पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

### ठेक्का सम्बन्धी विवरण

| क्र.स | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | सडकको नाम | आ.ब. २०७८/०७९ को लागि मु.अ.कर बाहेक कायम न्यूनतम अंक रू | दरभाउपत्र फाराम दस्तुर | स्वीकृत दररेट प्रति ट्रिप (मु.अ.कर बाहेक) | जमानत रकम रू |
|---|---|---|---|---|---|---|---|
| १ | **1/IR/BM/2078/079** | **भीरकोट नगरपालिका क्षेत्रभित्रका सडकहरूमा चल्ने सवारी साधनहरूको सडक उपयोग सेवा शूल्क (पटके सवारी कर)** | क) बयरघारी-बगरेबजार-ढापुक पर्वत ग्रा.स,.<br>ख) बयरघारी-बगरेबजार-मोहनडाँडा पर्वत ग्रा.स.,<br>ग) बयरघारी-बगरेबजार-स्वरेक टापु ग्रा.स.,<br>घ) बयरघारी- पुलकोमुख-चुनडाँडा-तिसेदी ग्रा.स. | ४,००,०००/-<br>(अक्षेरपी चार लाख रूपैयाँ मात्र) | रू १००० | क) ट्रक, टिप्पर र डोजरको रू २००/-<br>ख) ट्याक्टरको रू १५०/-,<br>ग) बस तथा मिनि बसको रू १००/-,<br>घ) जिप, कार, भेन समेतका चार पांग्रे सवारी साधनको रू ४०/- | कबोल अंक(मूल्य अभिबृद्धि कर समेत) को ५ प्रतिशत |
| २ | **2/IR/BM/2078/079** | | क) हेलु-बलमाटा-अर्जुनचौपारी ग्रा.स. | ९,२१,०००/-<br>(अक्षेरपी नौ लाख एकाइस हजार रूपौया मात्र) | रू १००० | | |
| ३ | **3/IR/BM/2078/079** | | क) बयरघारी-जगतपुर-केघा ग्रा.स.,<br>ख) दार्सिङ्ग-केघा ग्रा.स.,<br>ग) बयरघारी-बानेथोक-बिरूवा ग्रा.स.,<br>घ) छाङ्गछाङ्गदी-दभुङ्गठाटी ग्रा.स. | २६०,०००/-<br>(अक्षेरपी दुइ लाख साठी हजार रूपौया मात्र) | रू १००० | | |

**शर्तहरू:**

१. माथि उल्लिखित ठेक्काहरूको लागि प्रत्येक विषयको छुट्टाछुट्टै दरभाउपत्र खरिद गरि छुट्टाछुटै पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र पेश गर्दा व्यक्तिले (१ लाख ५० हजार सम्मको हकमा मात्रै) नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको दरभाउपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा नविकरण गरेको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर पछि फिर्ता नहुने गरी नगदै तिरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

३. सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौ) दिन अर्थात मिति २०७८/०४/१७ गते मध्यान्ह १२:०० बजे भित्र खरिद गरिएको सिलबन्दी दरभाउपत्र रितपूर्वक भरी कार्यालयमा दर्ता गर्नु पर्नेछ । दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रूपमा खाम वाहिर उल्लेख गर्नु

पर्नेछ । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

४. सिलबन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको मेगा बैक लिमिटेड, भीरकोट शाखाको ग-३-१०६००१०००५८९८ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको यस कार्यालयको नाममा जारी भएको सक्कलै बैक जमानि पत्र (विड वण्ड) पेश गर्नु पर्नेछ ।

५. म्याद भित्र पेश हुन आएका सिलबन्दी दरभाउपत्रहरू दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०७८/०४/१७ गते अपरान्ह १ बजे पछि दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको दरभाउपत्र फाराम भरी आएको, दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानून बमोजिम रित नपुगेको र शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउपत्रमा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा भएको रकमलाई मान्यता दिईने छ ।

७. दरभाउपत्र स्वीकृत भएमा स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफूले कवोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको मेगा बैक लिमिटेड, भीरकोट शाखाको ग-३-१०६००१०००५८९८ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर र वाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७८ चैत्र मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कवोल गरेको सम्पूर्ण रकम एकमूष्ट बुझाउनेको हकमा बैंक जमानत आवश्यक पर्ने छैन र कवोल अंकमा १० प्रतिशत छुट समेत दिईनेछ । यसरी छुट दिंदा न्यूनतम कबोल अंक भन्दा कम रकम हुने गरि छुट दिइनेछैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बांकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७८ साल कार्तिक मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७८ साल फाल्गुण मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कवुलियत गर्न नआएमा नियमानुसार अर्को दरभाउपत्रदातालाई ठेक्का दिईनेछ।

८. दरभाउपत्रदाताले दरभाउपत्र फाराममा उल्लिखित मालवस्तुहरूमा तोकिएको दररेट अनुसार (ट्रक, टिप्पर र डोजरको प्रत्यक टिप रू २००/-, ट्याक्टरको प्रति टिप रू १५०/-, बस तथा मिनिबसको प्रति टिप रू १००/-, जिप, कार, भेन समेतका चार पांग्रे सवारी साधनको प्रति टिप रू ४०/- का दरले (मुल्य अभिबृद्धि कर वाहेक) रकम उठाउनु पर्नेछ। सम्झौतामा उल्लेख नभएका माल वस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानून अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने माल वस्तुको विवरण र दररेट दरभाउपत्र फाराम साथ उपलब्ध गराईनेछ । दरभाउपत्रदाताले उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरू र तिनीहरूको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ । ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पुर्ण दायित्व दरभाउपत्रदाताको नै हुनेछ । उक्त कारोवार गर्दा वालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला तथा नगर दररेटमा कम नहुनेगरी ज्याला दिनु पर्नेछ ।

९. दरभाउपत्रदाताले नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । उक्त रसिदमा स्थायी लेखा नं. उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा रसिद प्रयोग भयो सो को विवरण चौमासिक रूपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ।

१०. विगत वर्षहरूमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरूले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरूजु बाँकी हुनेले फछ्यौंट नगरेसम्म ठेक्का प्रकृयामा सहभागी हुन पाउने छैनन्।

११. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरूमा तगारो राखी कर संकलन गर्न पाईने छैन । सरकारी वा अन्य कुनै कर, शुल्क दरभाउपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

१२. सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरूका प्रयोग हुने सवारी साधनहरूमा नगरपालिकाबाट लेखिए बमोजिम दरभाउपत्रदाताले छुट दिनुपर्नेछ ।

१३. वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको माग दावी गर्न पाईनेछैन।

१४. प्राप्त दरभाउपत्रहरू स्वीकृत गर्ने, नगर्ने वा आंशिक रूपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५. ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयको मूल्य अभिबृद्धि कर समायोजन पत्र पेश गर्नु पर्नेछ । आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ ।

१६. मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५ (३) बमोजिम वोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ ।

१७. माथि उल्लिखित शर्तहरूको उल्लघंन गरेमा दरभाउपत्रदाताको धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ ।

१८. यसमा उल्लेख भएका कुराहरूमा यसै बमोजिम र उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ। साथै संघीय/प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरूको दरभाउपत्रदाताले पालना गर्नु पर्नेछ ।

१९. यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र यस कार्यालय/राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

२०. सूचनाको शर्त बमोजिम तोकिएको समयभित्र सबैभन्दा वढी रकम कबोल गर्ने दरभाउपत्रदाता/ठेकेदार सम्झौता गर्न नआएमा निजले उक्त ठेक्काको लागि दरभाउपत्रसाथ राखेको धरौटी/बैंक जमानत रकम नियमानुसार जफत गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**